मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या : ०८३।०८४

सूचना नं. १३/२०८३-८४

व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०६/२३

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक **"उखु खेती परियोजना कार्यक्रम"** रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु संलग्न राखी निवेदन साथ प्रस्ताव पेश गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा सम्पूर्ण विवरण स्पष्ट रुपमा भरिएको प्रस्तावना फारम ।

२. कृषकको हकमा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. कृषक समूह/कृषि सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नवीकरण, आ. व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्र को प्रतिलिपि ।

४. कृषक समूह/कृषि सहकारीको कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि, अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

५ कृषकको हकमा कम्तिमा १० कट्ठा, फार्मको हकमा २ बिघा, कृषक समुह/सहकारीको हकमा कम्तीमा १५ (पन्ध्र) बिघा क्षेत्रफलमा खेति गरेको हुनु पर्ने।

६. जग्गा लिजमा लिएको अवस्थामा जग्गा धनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपि, जग्गाको कम्तीमा ५ वर्षको करारनामा पत्र तथा जग्गाधनीको नागरिकताको प्रतिलिपि ।

७. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल र संलग्न कृषकहरूको जग्गाधनी पुर्जाको प्रतिलिपि तथा मालपोत तिरेको रसिद ।

८. उखु खेती गर्ने किसान/कृषक समूह/सहकारी/फार्म भनि सम्बन्धीत वडा कार्यालय वा स्थानीय तहको कृषि शाखाको सिफारिस।

९. उखु कृषक हो भनी प्रमाणित हुने आवश्यक कागजातहरु ।

१०. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस आर्थिक वर्ष वा विगत २ आर्थिक वर्ष भित्र अनुदान नलिएको, माग गरेको योजनाको लागत स्टिमेट, कार्य योजना, स्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिबद्धतापत्र/स्वघोषणापत्र लगायत अन्य आवश्यक कागजातहरु ।

११. कस्टम हायरिङ सेन्टर सम्बन्धी कार्यक्रम माग गर्दा सम्बन्धीत ईन्जिनियर द्वारा तयार गरिएको लागत ईस्टिमेट ।

सञ्चालन गर्न सकिने क्रियाकलाप/विषयगत क्षेत्र तथा अनुदानका शर्तहरु:

- साना सिंचाई व्यवस्थापन
- यान्त्रिकरण: क) उखु खेतीमा यान्त्रिकरण प्रवर्द्धनका लागि सहकारी संस्था संगको सहकार्यमा कस्टम हायरिङ्ग सेन्टर स्थापना एवम् सञ्चालन ।
  ख) कृषकहरुको हकमा बीउ/सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर आदि), पावर स्प्रेयर, खुट्टि व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु, जस्तै एम. बी. पलाउ, ट्रेन्ज रिजर, बर्ड चिपर, बर्ड कटर, केन प्लान्टर, मेसिनहरुमा सहयोग ।
- घुसुवा बाली प्रवर्द्धन: उखु खेतीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तीमा १० कट्ठामा सञ्चालन गर्नु पर्ने, जसका लागि चाहिने बिउ मल लगायत अन्य उत्पादन सामग्रीमा सहयोग ।
- क्षमता अभिवृद्धि: उखु बाली खेतीमा संलग्न कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धिका लागि नवीन प्रविधि सम्बन्धी तालिम/उखु बाली सम्बन्धी अध्ययन तथा अवलोकन भ्रमण ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट रकम र कार्यक्रम सञ्चालन कार्यविधि परिमार्जन/संशोधन, थप/घट भएमा सोही अनुसार हुनेछ ।
- गत आ. व. मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्बन गरेका व्यावसायिक खेती गर्ने, बढी लागत सहभागिता भएका व्यक्ति तथा संस्थालाई प्राथमिकता दिइनेछ ।
- रीत नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्द हुनेछ ।
- रीत नपुगेका, पूर्ण रुपले फाराम नभरेको, औचित्य र आवश्यकता पहिचान नभएका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- यो कार्यक्रम व्यावसायिक उखु खेती परियोजना प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायत यस सूचनासँग सम्बन्धीत सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ, आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।

नोट: विस्तृत जानकारीको लागि, कृषि ज्ञान केन्द्र सर्लाही, बाली विकास अधिकृत श्री कबिन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९), कृषि अर्थ विज्ञ श्री ममता साह (९७६८६२५२३७) प्राविधिक सहायक श्री नवीन कुमार अधिकारी (९८४८२९११२७) लाई सम्पर्क गर्न सकिने छ । साथै कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना यस कार्यालयको फेसबुक पेज र वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।

कविन्द्र सिंह ठगुन्ना
बाली विकास अधिकृत (सार्ता)

कमलदेव प्रसाद कुशवाहा
प्रमुख (दर्शी तह)